११४२१६२४

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४१२/२०७१/०७२

निर्णय नं. ७५४

जिल्ला सुर्खेत, वीरेन्द्रनगर न.पा.–६ बस्ने चन्द्र प्रसाद थानी समेत.... ........................... २ पुनरावेदक

विरूद्ध

कार्यालय प्रमुख, श्री भुप्रा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता सस्था, विरेन्द्रनगर, सुर्खेत....१ विपक्षी
सूचना अधिकारी, श्री भुप्रा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता सस्था, विरेन्द्रनगर, सुर्खेत ..१

विषय :- सूचना पाईन भन्न नआएकोले तामेलीमा राख्ने ।

जिल्ला सुर्खेत, वीरेन्द्रनगर न.पा.–६ बस्ने चन्द्र प्रसाद थानी समेतले श्री भुप्रा बृहत खानेपानी तथा सरसफाई उपभोक्ता सस्था, विरेन्द्रनगर, सुर्खेत समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०२।०४ मा पुनरावेदन गरेको । तत् पश्चात आयोगको च.नं. १३९८ मिति २०७२।०२।३१ को पत्रबाट श्री चन्द्रप्रसाद थानी समेत विरेन्द्रनगर न.पा.- ६ लाई आवश्यक कागजात पेश गर्न हुन लेखी गएको । उक्त पत्र पश्चात पुनरावेदकले कुनै पनि कागजात पेश गरेको देखिएन र यसरी लामो अवधिसम्म पनि सूचना पाईन भनी पुनरावेदक स्वंयले पनि कुनै पनि निवेदन/उजुरी गरेको नदेखिएको हुँदा पुनरावेदकले सूचना पाईन भनी निवेदन/उजुरी गरेका बखत र आवश्यक प्रक्रिया पूरा गरेको समयमा कारवाही प्रक्रिया अगाडि बढाउन सकिने नै हुँदा हाललाई प्रस्तुत पुनरावेदन तामेलीमा राखिएको छ । प्रस्तुत पुनरावेदनको लगत तामेलीमा दर्ता गरी राख्नु ।

| | | |
|---|---|---|
| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

इति सम्बत् २०७२ चैत्र २३ गते रोज ३ शुभम्